# जय नेपाल कप : उपाधिका लागि मध्यपश्चिम र लखनउ विश्वविद्यालय भिड्ने

**हिमालय टाइम्स**

काठमाडौं, १४ माघ




सोमबार भएको दोस्रो सेमिफाइनल खेलमा त्रिभुवन विश्वविद्यालयलाई ७७ रनले पराजित गर्दै मध्यपश्चिम विश्वविद्यालय फाइनलमा पुगेसँगै राजधानीमा जारी जय नेपाल कपको उपाधिका लागि लखनउ र मध्यपश्चिम विश्वविद्यालय भिड्ने तय भएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सम्पन्न खेलमा मध्यपश्चिम विश्वविद्यालयले प्रस्तुत गरेको १९२ रनको लक्ष्य पछ्याउने क्रममा त्रिभुवन विश्वविद्यालयले निर्धारित १८.३ ओभरमा सबै विकेट गुमाएर ११४ रनमात्र बनाउन सक्यो ।

त्रिभुवन विश्वविद्यालयबाट ओपनर लोकेश बमले सर्वाधिक ४४ रन बनाउनुभयो । यस्तै, सुरेन्द्रप्रसाद पन्तले १८, सेमोन रोयले १६, भीम सार्कीले १५ र आइस भट्टराईले १० रन जोड्नुभएको थियो ।

त्रिभुवन विश्वविद्यालयलाई सस्तैमा रोक्न मध्यपश्चिमका विपिन खत्री, दिवान पुन र सुवास भण्डारीले समान दुई-दुई विकेट लिनुभएको थियो । राजकुमार साह र विनित खत्रीले एक-एक विकेट लिनुभएको थियो ।

त्यसअघि टस जितेर ब्याटिङमा आएको मध्यपश्चिमले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १९१ रनको योगफल खडा गरेको थियो । मध्यपश्चिमका ओपनर रवीन्द्रजंग जोशीले सर्वाधिक ६९ रन बनाउनुभयो । उहाँले ५० बलमा एक चौका र ६ छक्का प्रहार गर्नुभएको थियो । यस्तै, दीपकप्रसाद डुम्रेले ३२ बलमा पाँच चौका र पाँच छक्कासहित ६३ रन बनाउनुभएको थियो । देवान पुनले १२ बलमा चार चौकासहित २३ रन बनाउनुभयो ।

मध्यपश्चिमविरुद्ध त्रिभुवन विश्वविद्यालयका मुकेश ओझाले दुई विकेट लिनुभयो । यस्तै, अमितकुमार मण्डल, भीम सार्की, सेमोन रोय र सन्तोषबहादुर चन्दले समान एक-एक विकेट लिनुभएको थियो ।

जितसँगै फाइनलमा स्थान बनाएको मध्यपश्चिमले अब उपाधिका निम्ति भारतको लखनउ विश्वविद्यालयविरुद्ध प्रतिस्पर्धा गर्नेछ । लखनउले सोमबार नै भएको पहिलो सेमिफाइनलमा बंगलादेशको ढाका विश्वविद्यालयविरुद्ध सात विकेटको जित निकाल्दै फाइनल यात्रा तय गरेको थियो । फाइनल खेल आज (मंगलबार) हुँदैछ । आज नै तेस्रो स्थानका लागि ढाका र त्रिवि भिड्नेछन् ।

# त्रिकोणात्मक टी–२० सिरिजका लागि महिला टोलीको घोषणा

**हिमालय टाइम्स**

काठमाडौं, १४ माघ




इन्दु बर्माको कप्तानीमा त्रिकोणात्मक टी-२० सिरिजका लागि महिला टोलीको घोषणा गरिएको छ । कीर्तिपुरस्थित त्रिवि मैदानमा यही माघ १७ देखि २५ गतेसम्म हुने नेपाल, नेदरल्याण्ड्स र थाइल्याण्ड सम्मिलित त्रिकोणात्मक सिरिजका लागि नेपाल क्रिकेट संघ (क्यान)ले महिला टोलीको घोषणा गरेको हो ।

टोलीमा हालै मलेसियामा भएको आइसिसी यू-१९ महिला विश्वकप खेलेर फर्किनुभएकी कप्तान पूजा महतो, अलिशाकुमारी यादव प्रधानमन्त्री कपमा सहभागी सुदूरपश्चिमका रेवती धामी, ईश्वरी विष्ट र मनिषा उपाध्यायलाई पनि समेटिएको छ ।

तीन टोलीबीच दुई-दुई पटक एकअर्कासँग प्रतिस्पर्धा हुनेछ । नेपालले पहिलो खेल माघ १७ गते नेदरल्याण्ड्स र दोस्रो खेल १९ गते थाइल्याण्डसँग खेल्नेछ । नेपाली टोलीमा इन्दु बर्मा (कप्तान), कविता कुँवर, राजमती ऐरी, अलिशाकुमारी यादव, सीता रानामगर, विन्दु रावल, पूजा महतो, ममताकुमारी चौधरी, कविता जोशी, रोमा थापा, ईश्वरी विष्ट, सम्झनाकुमारी खड्का, रुविना क्षेत्री, मनिषा उपाध्याय र रेवती धामी रहनुभएको छ ।


## कोटदेवी सहकारी लि. को नाममा रहेको जग्गा बिक्री सम्बन्धी सार्वजनिक सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८१/१०/१५**

यस संस्थाको नाममा दर्ता रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. साविक वडा नं. ३५ हाल वडा नं. ३२ स्थित कित्ता नं. १८८ को क्षे.फ २४६.३८ ब.मी जग्गा गोप्य सिलबन्दी बोलपत्र बाट बिक्री गर्ने भएकोले यस सुचना प्रकाशित गरिएका छौं । तसर्थ उक्त जग्गा खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनि/संघ संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा उल्लेखित जग्गा खरिद गर्न चाहेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी बोलपत्रदाताको आवश्यक अध्यावधिक कागजपत्र सहित यस सहकारीको का.म.न.पा. ३२ स्थीत कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार सहकारी मा निहित रहनेछ । बोलपत्र सम्बन्धी अन्य सर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम रु १०००/- तिरी यस सहकारीको का. जि.का.म.न.पा. वडा नं. ३२ स्थीत कार्यालय बाट प्राप्त गर्न सकिनेछ ।

**कोटदेवी बचत तथा ऋण सहकारी संस्था लि.**
**Kotdevi Saving and Credit Co-operative Ltd.**
**Kotdevi Nagar, Jadibuti, Koteshwor-32 kathmandu**
**Phone No.: 01-6149651 Email id-kotdevi.com@gmail.com**



## बागमती गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
झरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री शुल्क उठाउने ठेक्का वन्दोवस्त सम्बन्धी बोलपत्र आशयको सूचना

**प्रकाशित मिति: २०८१/१०/१५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट IEE प्रतिवेदन अनुसार नदीजन्य पदार्थ उत्खनन् गरी बागमती प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ को दफा ९ ले निर्दिष्ट गरेको अनुसूची-५ बमोजिम तोकिएको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्ने प्रयोजनार्थ ईच्छुक फर्म वा कम्पनीहरुद्वारा यस कार्यालयको प्रथम पटक मिति २०८१/०९/०३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका तथा PPMO को E-Procurement Portal मा समेत प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र अधिकतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम स्वीकृत गरिने आशयको सूचना सबै बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि. नं | बोलपत्र नं. | वोलपत्रको नाम | उत्खनन् परिमाण (घ.फिट) | सफल बोलपत्रदाताको नाम र ठेगाना | बोलकबोल दर प्रति घ.फिट (रु.) | अधिकतम वोलपत्र कुल रकम (मू.अ.कर बाहेक रु.) |
|---|---|---|---|---|---|---|
| १ | BRM/NCB/SRBM/IR/003/2081/082 | बागमती गाउँपालिका अन्तर्गत रहेका विभिन्न खोला तथा नदीहरुको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको ऊत्खनन्, संकलन तथा बिक्री गर्ने | १५४३१२४.६५ | सहज बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि, बागमती-०७, मकवानपुर | ७.००५२ | १,०८,०९,८९६।८० |

**प्रमुख प्रशासकीय अधिकृत**



## क्लासिक भ्यू रिसोर्टको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८१।१०।१५**

बागमती प्रदेश, काठमाडौ जिल्ला, बुढानिलकण्ठ नगरपालिका, वडा नं. ५, डाँडागाउँमा क्लासिक भ्यू रिसोर्ट लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | क्लासिक भ्यू रिसोर्ट लि.<br>बागमती प्रदेश, काठमाडौ जिल्ला, बुढानिलकण्ठ नगरपालिका, वडा नं. ५, डाँडागाउँ<br>इमेल: classicviewresortltd@gmail.com सम्पर्क नं.: ०१–५२४८०२९ |
| प्रस्तावको व्यहोरा | ५३ पाहुना कोठामा ७५ शय्या सहित सञ्चालनका लागि निर्माणाधिन क्लासिक भ्यू रिसोर्टको स्तरोन्नती गरी कुल ८३ पाहुना कोठामा ९९ शय्यामा निर्माण गरी सञ्चालन गर्नका लागि प्रस्तावित |
| प्रभाव पर्न सक्ने स्थान | काठमाडौ जिल्ला, बुढानिलकण्ठ नगरपालिका, वडा नं. ५, डाँडागाउँ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | क्लासिक भ्यू रिसोर्ट लि.<br>बागमती प्रदेश, काठमाडौ जिल्ला, बुढानिलकण्ठ नगरपालिका, वडा नं. ५, डाँडागाउँ<br>इमेल: classicviewresortltd@gmail.com सम्पर्क नं.: ०१–५२४८०२९ |
| परामर्शदाताको नाम र ठेगाना | सस्टेनेवल भेन्चर्स प्रा. लि.<br>बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. १०, बानेश्वर<br>इमेल: svsnepal@gmail.com सम्पर्क नं.: ०१–५१७२२२६ |



## Sannitriveni Rural municipality
### Office of the Rural MunicipalityExecutive
**Mehalmudi,Kalikot**
**Karnali Province,Nepal**

## Invitation For Bids

First Date of Notice Publication : 2081/10/15 ( January 28, 2025)

1. Sanni Triveni Rural municipality office Mehalmudi,Kalikot invites electronic Bids From registered Suppliers for the construction of following Project.

| S.N. | Contract Identification Number | Work Description / Name of Project | Estimate Amount inclusive of VAT & Contingencie (NRs.) | Bid Security amount (NRs.) | Bid Security Validity Period | Bid Purchasing Fees in (NRs.) | Last date of Submission bid Document |
|---|---|---|---|---|---|---|---|
| 1. | STRM/W/NCB/COWOB/05/2081/082 | Construction of Ward Office Building Ward No-9. | 4952002.06 | 138000.00 | 120 Days | 3000 | 2081/11/15 ( February 27, 2025) 12:00PM. |

**2.** Eligible Suppliers may obtain further information and the bidding document at the office of Sanni Triveni Rural municipality ,Office of the Rural Municipality Executive ,Mehalmudi,Kalikot , Mobile No:-9848215358 Or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.

**3**. Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of Bank : Sanima Bank Branch Office Mehalmudi,Kalikot.

Name of Office:- Sanni Triveni Rural municipality Office ,Mehalmudi,Kalikot.

Office Code no :- 80665506300 Internal Revenue Account no :- 073010040000003 Dharauti Khata no : 073010020000005

**4.** Pre bid meeting shall be held at Sannitriveni Rural Muinicipality Mehalmudi, Kalikot at 2081/11/09 (February 21, 2025 )

**5.** Electronic bids must be submitted through e-GP System i.e www.bolpatra.gov.np/egp. On or before 2081/11/15 ( February 27, 2025) 12:00PM Bids received after this deadline will be rejected.

**6 .** The bids will be opened in the presence of bidders representatives who choose to attend at 2081/11/15 ( February 27, 2025) 2:00 PM. at Sanni Triveni Rural municipality ,Office of the Rural Municipality Executive Mehalmudi, Kalikot..

**7**.If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 073010020000005 ,Sanni Triveni Rural municipality office on Name of Bank Sanima Bank submit bank deposit voucher along with the bids or Bank guarantee favour of Sanni Triveni Rural municipality office.

**8.** If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**9.**The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**10.** Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations,2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**



## अन्नपूर्ण स्क्वायर होटलको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८१।१०।१५**

वागमती प्रदेश, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं १, दरबार मार्गमा अन्नपूर्ण स्क्वायर प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **अन्नपूर्ण स्क्वायर प्रा. लि.**<br>दरबारमार्ग, काठमाडौँ<br>सम्पर्क नं: ९८०१०३२६८९<br>इमेल: asp.com.np@gmail.com |
| प्रस्तावको व्यहोरा | प्रस्तावित आयोजना नेपालको वागमती प्रदेश, काठमाडौँ महानगरपालिकाको वडा नं १, दरबारमार्गमा पर्दछ । यसको भौगोलिक अवस्थिति 27°43'05.9"N, 85°19'10.9"E मा रहेको छ । आयोजनाको लागि कुल जग्गा २०,८६२ वर्ग मि. र बिल्ट अप एरिया ९७,०२१ वर्ग मि. रहेको छ, जसमध्ये होटल र सर्भिस एपार्टमेन्टले ४८,०७०, सपिङ्ग आर्केड र अफिस ब्लकले ४५,७६४, ऊर्जा केन्द्रले ४०० र क्यासिनोले २,७८७ वर्ग मि. क्षेत्रफल ओगट्नेछ । प्रस्तावित दुईवटा भवनमा २ तल्ला बेसमेन्ट पार्किङ्ग रहनेछ भने पहिलो भवन २४ तल्लाको हुनेछ भने दोस्रो भवन १५ तल्लाको हुनेछ । होटल, सपिङ्ग आर्केड र कार्यालयका समेत गरी ११२२ कार अट्ने पार्किङ क्षमता रहेनछ । होटलका भवनहरुमध्ये अधिकतम अग्लो भवनको उचाई ९९.७ मि. को रहनेछ। प्रस्तावित आयोजनामा फुड कोर्ट सहितको सपिङ्ग आर्केड, ब्यांकेट हल, क्यासिनो, रेष्टुरेन्ट, स्विमिङ पुल लगायतका सेवासुविधा सहितको होटल, कार्यालय र सर्भिस एपार्टमेन्टहरु रहनेछन् । कुल जग्गाको क्षेत्रफलको २० प्रतिशत पार्किङका लागि छुट्ट्याइनेछ । यस भवनमा अपाङ्ग मैत्री संरचना, अग्नि नियन्त्रणका लागि फायर पम्प, लिफ्ट, खानेपानी तथा ढलनिकास, विद्युत आपूर्ति लगायतका सेवा सुविधाहरु समेत रहनेछन् । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | काठमाडौँ जिल्ला,<br>काठमाडौँ महानगरपालिकाको वडा नं १ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न काठमाडौ महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**रायसुझावका लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **अन्नपूर्ण स्क्वायर प्रा. लि.**<br>दरबारमार्ग, काठमाडौँ<br>सम्पर्क नं: ९८०१०३२६८९<br>इमेल: asp.com.np@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | **ईन्भाइरोमेन्टल सर्भिसेज नेपाल प्रा.लि.**<br>सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं<br>फोन नं.: ०१-५९१२३७८, ईमेल: info@esn.com.np वेवसाइड: www.esn.com.np |